गौरीगंज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गौरीगंज, झापा
१ नं. प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना
## (प्रथम पटक प्रकाशित मिति : २०७७/०४/१६)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.न. २३ मिति २०७७/०४/१२ को पत्रानुसार यस गौरीगंज गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेर तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ ।

| सि.न. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १-०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :**

क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीण भएको

ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सिप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्बन्धि सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर : १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. **दरखास्त दिने स्थान :** गौरीगंज गाउँपालिकाको कार्यालय

३. **दरखास्त दिने अन्तिम मिति :** २०७७/०४/३०

४. **आवेदनको दस्तुर :** रु. ५००।-

५. **छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा

६. **आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. **सेवा सुविधा :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

नोट : आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

प्रमुख प्रशासकीय अधिकृत